# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०६।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

श्री हिमालय मा.वि. रोशी-६, काभ्रेपलाञ्चोकमा जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकबाट बिल्डिङ्ग मर्मतका लागि प्राप्त रकम काम नगरी झुठ्ठा विवरण पेश गरी झुक्याई मूल्याङ्कन गराई रकम निकासा गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा रोशी गाउँपालिकाका इन्जिनियर निर्मल लामा स्याङतान, हिमालय माध्यमिक विद्यालयका प्रधानाध्यापक बोधनाथ उप्रेती र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छेवाङ लामासमेतले निर्माणस्थलमा भएको कार्यको एकिन र वास्तविक नापजाँच नगरी नभए नगरेको रु.७,८४,४४६।३४ बराबरको कार्यसमेत नापी किताबमा उल्लेख गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्णाणस्थलमा हुँदै नभएको कार्यको उक्त रकमसमेत भुक्तानी लिई निजहरु बोधनाथ उप्रेती, छेवाङ लामा र निर्मल लामा स्याङतानले सरकारी रकमको हिनामिना, हानिनोक्सानी र दुरुपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको देखिंदा बिगो रु.७,८४,४४६।३४ (अक्षेरुपी सात लाख चौरासी हजार चारसय छ्यालीस रुपैंया चौतीस पैसा) कायम गरी निजहरु बोधनाथ उप्रेती, छेवाङ लामा र निर्मल लामा स्याङतान तीनै जनालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी हिनामिना हानिनोक्सानी गरेको बिगो रकम निजहरुबाटै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गरी हुँदै नभएको काम भएको भनी गलत नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी प्रमाणित गर्ने यी तीनैजना आरोपितहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी